लुम्बिनी विकास बैंक लि.
Lumbini Bikas Bank Ltd.
निरन्तर सहयात्रा
(नेपाल राष्ट्र बैंकबाट "ख" वर्गको इजाजतपत्रप्राप्त संस्था)

पत्र संख्या : २०८१/८२/एलविविएल/सिईओओ/०४८ मिति : २०८१/०९/०८

श्री नेपाल स्टक एक्सचेन्ज लिमिटेड
सिंहदरवार प्लाजा, काठमाण्डौं ।

**विषय : १७ औं बार्षिक साधारण सभा बस्ने तथा सोको लागि धितोपत्र दाखिल खारेज (बुक क्लोज) को काम बन्द गरिदिने सम्बन्धमा ।**

महोदय,
उपरोक्त सम्वन्धमा यस लुम्बिनी विकास बैंक लि. को मिति २०८१ पौष ७ मा सम्पन्न सञ्चालक समितिको ४९१ औं बैठकको निर्णय बमोजिम विकास बैंकको १७ औं बार्षिक साधारण सभा निम्न लिखित मिति, समय र स्थानमा बस्ने भएकोले कम्पनी ऐन, २०६३ को दफा ६७ (२) बमोजिम सभामा हुने छलफलका विषयहरु, साधारणसभा सम्वन्धी सामान्य जानकारी खोली सम्पुर्ण शेयरधनी महानुभावहरुको जानकारीको लागि मिति २०८१/०९/०८ गतेको आर्थिक अभियान राष्ट्रिय दैनिकमा सूचना प्रकाशित गरी सोको छाँया प्रति यसैसाथ संलग्न गरी पेश गरिएको व्यहोरा अनुरोध गर्दछौं ।

**सभा हुने मिति, समय र स्थान :**
मिति : वि.सं. २०८१ साल पौष २९ गते, सोमवार, (तद्नुसार सन् १३ जनवरी, २०२५)
समय : विहान १० : ३० बजे देखि
स्थान : अमृतभोग, कालिकास्थान, काठमाण्डौं ।

**लाभांश सम्बन्धमा :**
(*नोट : नगद लाभांशमा, नगद लाभांश र वोनस शेयरमा लाग्ने कर समेत संलग्न रहेको)

| विवरण | प्रतिशत | रकम (रु) अंकमा | रकम (रु) अक्षरमा |
|---|---|---|---|
| नगद लाभांश * | ४% (चार प्रतिशत) | १४,०७,२५,३६५.५१ | अक्षरेपी चौध करोड सात लाख पच्चीस हजार तीन सय पैसट्ठी रूपैया र पैसा एकावन्न मात्र । |
| बोनस शेयर | ३% (तीन प्रतिशत) | १०,५५,४४,०२४.१३ | अक्षरेपी दस करोड पचपन्न लाख चवालीस हजार चौविस रूपैया र पैसा तेह्र मात्र । |
| कुल | ७% (सात प्रतिशत) | २४,६२,६९,३८९.६४ | अक्षरेपी चौबिस करोड बैसट्ठी लाख उनासत्तरी हजार तीन सय उनान्नब्बे रूपैया र पैसा चौसट्ठी मात्र । |

**शेयर दाखिल खारेज (बुक क्लोज) सम्बन्धमा :**
वार्षिक साधारण सभा प्रयोजनको लागि मिति २०८१/०९/१९ गते (१) एक दिन बैंकको शेयरधनी दर्ता किताव वन्द गर्ने निर्णय गरिएको छ । शेयरधनी दर्ता किताव बन्द भएको मिति २०८१/०९/१९ गते भन्दा अगाडि अर्थात मिति २०८१/०९/१८ गते सम्ममा नेपाल स्टक एक्सचेन्ज लिमिटेडमा नियमानुसार कारोवार भई सि.डि.एस. एण्ड क्लियरिङ लिमिटेडवाट राफसाफ समेत भई प्रचलित नियमानुसार यस विकास बैंकको शेयर रजिष्ट्रार मुक्तिनाथ क्यापिटल लिमिटेड, नारायणचौर नक्साल, काठमाडौमा रहेको शेयरधनी दर्ता किताबमा अद्यावधिक भई कायम हुन आएका शेयरधनीहरु मात्र साधारण सभामा भाग लिन र लाभांश प्राप्त गर्न योग्य हुनुहुन्छ ।

भवदीय,

Lumbini Bikas Bank Limited Head Office

नरेश सिंह बोहरा
प्रमुख कार्यकारी अधिकृत/कम्पनी सचिव

**संलग्न :**
क) वार्षिक साधारण सभाको सूचनाको प्रतिलिपि ।

Head Office, Sunrise Biz Park, Dillibazar, Kathmandu 01-4413232/34, 4421696 info@lumbinibikasbank.com www.lumbinibikasbank.com